# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०२।१५ गते

## प्रेस विज्ञप्ति

### विषय: विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------------------

एउटै प्रज्ञापनपत्र तथा एउटै राजश्व वुझाएको बैंक रसिदको प्रयोग गरी दुई अलग अलग दर्ता नम्बरहरु (ना.६ख ५६३५ र ना.४ख ४१२६) भएका मालवाहक ट्रकहरु भैरहवा भन्सार कार्यालयबाट मिति २०७४।०४।२६ गते जाँचपास गरिएकोमा ऐ. मिति २०७४।०४।२६ गते राति ०८:१० बजेको समयमा ना.४ख ४१२६ नं.को मालवाहक ट्रक मालसामान धनी भन्सार एजेण्ट तथा भन्सारका कर्मचारिको मिलेमतोमा भैरहवा भन्सार कार्यालय परिसरबाट वाहिरिएको भन्ने समेत व्यहोराको उजुरी निवेदनउपर अनुसन्धान हुँदा ना.६ ख ५६३५ नं. को ट्रकमा ल्याइएको मालबस्तुको नियमानुसार भन्सार जाँचपास गराउने प्रयोजनका लागि प्रयोग भएका प्रज्ञापनपत्रहरूको भन्सार महसुल तिरी मिति २०७४।०४।२५ गते जाँचकी खरिदार अतुलकुमार शर्मा र भन्सार अधिकृत मानप्रसाद बि.क.ले प्रज्ञापनपत्रमा दस्तखत तथा जाँचपास गरी मिति २०७४।०४।२६ मा भैरहवा भन्सार कार्यालयबाट उक्त ट्रक क्लियरिङ गरेको प्रज्ञापनपत्रहरुमध्ये प्रज्ञापनपत्र नं.M ५६७८७,को बैंक नगदी रसिद नं.००५०६४८ बाट रु.३,६२,०४३।- र प्रज्ञापनपत्र नं. M ५६७९७,को बैंक नगदी रसिद नं.००५०६५० बाट रु.४,३७,७६१।- को प्रयोग गरी ना.४ ख ४१२६ नं. को गाडीमा भएको मालबस्तुहरु मिति २०७४।०४।२६ गतेका दिन भैरहवा भन्सार कार्यालय परिसरबाट बाहिरिएको देखिएको हुँदा सम्बन्धित जिम्मेवारीमा खटिएका कर्मचारीहरु तथा भन्सार जाँचपास गराउनका लागि प्रकृया अगाडि बढाउने एजेण्ट नं.४७५ का प्रोप्राइटर र मालबस्तुको आयातकर्ता समेतको मिलेमतो पुष्टि हुन आएकोले भौतिक मालबस्तुको परीक्षणमा खटिएका जाँचकी खरिदार अतुलकुमार शर्मा, सो सामानहरु ठिक/दुरुस्त रहेको भनी प्रमाणित गर्ने भन्सार अधिकृत मानप्रसाद बि.क., तत्कालीन समयमा २ नं. Exit gate मा रही ना.४ ख ४१२६ नं. को मालवाहक गाडीको सम्पूर्ण कागजातहरु प्रज्ञापनपत्र, बैंक नगदी रसिद, Exit note र गाडी हेरी गेटबाट छोडिदिने कार्यमा संलग्न रहेका ना.सु. शिशिर बिक्रम शाह र ना.सु. रामचन्द्र भट्ट, मालसामान धनी माँ मनकामना इन्टरनेशनल, पडसरी -१ रुपन्देहीका प्रोप्राइटर राजनप्रसाद तिमल्सिना र भन्सार एजेण्ट नं.४७५ का प्रोप्राइटर जगतराज दहालसमेतले योजनाबद्ध हिसावले बदनियतसाथ नेपाल सरकारलाई हानिनोक्सानी पुर्‍याई राजश्व चुहावट गर्ने कार्यमा संलग्न रही भ्रष्टाचारजन्य कार्य गरेको पुष्टि हुन आएको हुँदा निजहरुको हकमा देहाय बमोजिम जरिवाना र कैद सजायको मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.नं. | नामथर | पद | कार्यालय | बिगो | सजाय मागदाबी |
|---|---|---|---|---|---|
| १. | मानप्रसाद बि.क. | भन्सार अधिकृत | भैरहवा भन्सार कार्यालय | रु.५३,९४,३१६।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) बमोजिमको कार्य गरी सोही ऐनको दफा ७ ले व्यवस्था गरेवमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम सजाय हुन मागदाबी |
| २. | शिशिरबिक्रम शाह | नायव सुव्वा | ” | रु.५३,९४,३१६।- | ” |
| ३. | रामचन्द्र भट्ट | नायव सुव्वा | ” | रु.५३,९४,३१६।- | ” |
| ४. | अतुलकुमार शर्मा | खरिदार | ” | रु.५३,९४,३१६।- | ” |
| ५. | जगतराज दहाल | प्रो. | दाहाल कमिशन एजेन्ट | रु.५३,९४,३१६।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदाबी |
| ६. | राजनप्रसाद तिमल्सिना | प्रो. | माँ मनकामना ईन्टरनेशनल | रु.५३,९४,३१६।- | ” |

(प्रदीपकुमार कोइराला)
प्रवक्ता